सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
सुन्दरबजार लमजुङ
गण्डकी प्रदेश नेपाल ।

फोन नं.:-०६६-४०२२२९

प.स ०७७/७८
च.न.

सुचना प्रकाशन मिती : २०७७।०८।११

**रासायनिक मल विक्रेता सिफारिसको लागि सहकारी संस्था/फर्म वा कम्पनीहरुबाट निवेदन दिने सम्बन्धि सूचना !**
**(प्रथम पटक प्रकाशित मिति : २०७७।०८।११)**

प्रस्तुत विषयमा अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका ,२०७७ को दफा १० को उपदफा (१) बमोजिम गठित स्थानीय तह मल वितरण व्यवस्थापन समितिको मिति २०७७।०८।११ गते बसेको बैठको निर्णयानुसार दफा १५ को उपदफा (१) अनुसारको मल विक्रेता नियुक्तीका लागि स्थानिय तहको सिफारिस आवश्यक पर्ने हुँदा दफा ११ को उपदफा (१)(ङ) बमोजिम मल वितरक कम्पनीमा मल विक्रेता नियुक्तिको लागि सिफारिस हुन दफा १५ को उपदफा (८) बमोजिम मलको कारोबार गर्न इच्छुक सहकारी संस्था/फर्म वा कम्पनीहरुलाई निवेदन आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १० दिन भित्र ( मिति २०७७।०८।२० गते भित्र) सुन्दरबजार नगरपालिका अर्न्तगतको कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२०७७।८।११
ठाकुर जी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

**निवेदन साथ संलग्न हुनपर्ने कागजातहरु :**

१) सहकारी संस्था/फर्म वा कम्पनीको दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
२) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
३) संचालन समितिको निर्णयको प्रतिलिपि (सहकारीको हकमा अनिवार्य) ।
४) विगत दुई वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि ।
५) अनुभव , कार्यदक्षता, कार्यक्षमताको विवरण ।
६) नापतौल गर्ने मेसिन , गोदामघर ,सूचना प्रविधि लगाएतका भौतिक पूर्वाधारको विवरण (भौतिक पूर्वाधार सामाग्री तयार गर्न सकिने प्रतिबद्धता पत्र) ।
७) वडा कार्यलयको सिफारिस पत्र ।
८) यस भन्दा पहिला अनुदानको मल विक्रि वितरण गरिरहेकाहरुको हकमा रासायनिक मल विक्रेता प्रमाण पत्रको प्रतिलिपि (अन्यको हकमा पर्दैन) ।

नोटः कृषि सहकारी संस्थाहरुलाई पहिलो प्राथामिकता दिइने छ ।

पुनश्चः थप जानकारीको लागी सुन्दरबजार नगरपालिकाको कार्यालय , कृषि विकास शाखा ०६६-४०२२२९, सुरेश प्रसाद अधिकारी -९८४६१०८५०३, तिल कुमारी श्रेष्ठ-९८४४९९६०६०, कान्ता घिमिरे- ९८४५६३४०५९ मा सम्पर्क गर्न सकिनेछ ।

Email: agriculturesection5@gmail.com,sundarbazarmun@gmail.com